विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल
☎ ०१०-५६००६३
०१०- ५६०४६९

च.नं २२१७
प.स.०७९/०८०

मिति : २०८०।१।१९

**लिलाम विक्रि सम्बन्धि शिलवन्दी वोलपत्र आव्हानको ७ दिने सुचना**
**(प्रथम पटक प्रकाशित मिति २०८०।१।१९ )**

यस नगरपालिका कार्यालयको परिसरमा रहेको चिउरी ,राजवृक्ष,खोटेसल्लाको रुखहरु कटान गरी राखीएको काठहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामानै लिलाम गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरीएको छ ।

शर्तहरु

१. वोलपत्र फारम सूचना प्रकाशित भएको मितिले ७ औ दिनसम्म कार्यालय समयमा रु १०००। - फिर्ता नहुने गरी ) नगद जम्मा गरी यसै कार्यालयबाट वोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२ वोलपत्र फाराम खरिद गर्नका लागि फर्म वा संस्थाको हकमा चालु आ.व.को लागि नविकरण भएको व्यवसाय दर्ता , इजाजत पत्र , प्यान दर्ता प्रमाण पत्र र आ.व. २०७९।८० को कर चुक्ता प्रमाणपत्र हरुको प्रतिलिपी कार्यालयमा पेश गर्नुपर्नेछ ।
३ वोलपत्र पेश गर्दा फारम साथ नेपाल बैक लिमिटेड त्रिशुली शाखाम रहेको विदुर नगरपालिका कार्यालयको नाममा रहेको धरौटी खाता नं ०२६०३००००००३००००००४ मा आफुले कवोल गरेको रकमको १०% ले हुने रकमको बैक भौचर वा कार्यालयमा जम्मा गरेको सक्कल रसिद साथै पेश गर्नुपर्नेछ ।
४. यो सुचना प्रकाशित भएको मितिले ८ औ दिन मध्यान्ह १२ बजे भित्र विदुर नगर कार्यपालिकाको कार्यालयमा शिलवन्दि वोलपत्र दर्ता गर्न सकिनेछ । दर्ता हुन आएका वोलपत्रहरु सोही दिनको २.०० बजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनीधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । तर प्रतिनिधी उपस्थित नभएमा पनि शिलवन्दी वोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. वोलपत्र फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट तोकिएको समय भित्र हुनेछ ।
६. सामानको न्युनतम कवोल मुल्य भ्याट सहित रु १७१०८।८६ ( सत्र हजार एकसय आठ रुपैया छयासी पैसा मात्र ) आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
७. वोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले वोलपत्र फारममा सही छाप गरी वोलपत्र फारम शीलवन्दी गरेको हुनुपर्नेछ । अन्यथा वोलपत्र रद्ध गरिनेछ ।
८. लिलाम विक्रि हुने काठ दाउरा हेर्न चाहेमा कार्यालय खुलेको समयमा विदुर नगर कार्यपालिकाको जिन्सी शाखामा सर्म्पक गरि हेर्न सकिनेछ ।
९. वोलपत्र स्विकृत भएको सुचना पाएको मितिले ७ ( सात ) दिन भित्र रकम जम्मा गरि काठहरु जुन अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्नेछ ।

विदुर नगरपालिका कार्यालय